का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक ३२४
- ३ माघ २०७८, सोमबार
- 17 January 2022, Monday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# बल्ल बोल्यो सरकार




"सरकारले महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग भएको भन्दै एकपक्षीय सडक निर्माण र विस्तार रोक्न भारतलाई आग्रह गरेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ माघ

भारतसँगको सिमा विवादबारे नेपाल सरकारले बल्ल मुख खोलेको छ । गत पुस १५ गते भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले लिपुलेकमा भारतले सडक निर्माण गरिरहेको भन्दै अभिव्यक्ति दिएका थिए । तर मोदीको उक्त अभिव्यक्तिप्रति नेपाल सरकारले कुनै प्रतिक्रिया जनाएको थिएन । राजनीतिक दलदेखि नागरिक स्तरबाट आलोचना हुँदै आएपछि आइतबार सरकारले भारतसँगको सीमा विवादमा औपचारिक धारणा राखेको हो ।

भारतले नेपाल सरकारलाई आफ्नो अडान बताइसकेको भनेर वक्तव्य जारी गरेको भोलिपल्ट आइतबार नेपालले आफ्नो धारणा सार्वजनिक गरेको हो । सरकारले महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग हुन् भन्दै नेपाली भूभाग भएर जाने कुनै किसिमको एकपक्षीय सडक निर्माण र विस्तार रोक्न भारतलाई आग्रह गर्दै आएको जनाएको छ ।

नेपाल सरकारको धारणा सार्वजनिक गर्दै सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले दुई देशबीचको सीमा समस्याको समाधान कुटनीतिक माध्यमबाट गर्न सरकार प्रतिबद्ध रहेको बताएका हुन् ।

कार्कीले भने, 'महाकाली नदी पूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग हो भन्ने तथ्यमा नेपाल सरकार दृढ र स्पष्ट छ ।' साथै मन्त्री कार्कीले नेपाल भारत बीच रहिआएको घनिष्ठ र मैत्रिपुर्ण सम्बन्धको मर्म र भावना अनुसार दुई देशबीचको सीमा समस्याको समाधान ऐतिहासिक सन्धी सम्झौता, तथ्य नक्सा र प्रमाणका आधारमा कुटनीतिक माध्यमबाट गर्न नेपाल सरकार प्रतिवद्ध रहेको समेत बताएका छन् ।

मन्त्री कार्कीले भने, 'दुई देशबीचको सिमा समस्याको समाधान ऐतिहासिक सन्धि, सम्झौता, तथ्य, नक्सा र प्रमाणको आधारमा कूटनीतिक माध्यमबाट गर्न नेपाल सरकार प्रतिबद्ध रहि आएको छ ।'

यसअघि शनिबार मात्रै नेपालस्थित भारतीय दूतावासले सीमा विवादबारे विज्ञप्ति नै निकालेर आफ्नो धारणा सार्वजनिक गरेको थियो । दूतावासले सीमा विवादबारे भारतको धारणा नेपाल सरकारलाई जानकारी गराइसकेको बताएको थियो । विवादको विषयमा अन्तर सरकारी संयन्त्रको माध्यमबाट छलफल गर्नु उपयुक्त हुने भारतको धारणा छ ।

भारतले सन् २०१४ मा नेपालको सुस्ता र कालापानी क्षेत्रको सीमा विवादको लागि समाधान गर्न परराष्ट्र सचिव स्तरीय संयन्त्र मार्फत सीमा विवादको समस्या समाधान गर्नु पर्छ भन्ने अडान

– बाँकी पृष्ठ २ मा

### कोरोना नियन्त्रणमा

# सरकारका ३६ बुँदे आदेश

सरकारले ३६ बुँदे आदेश जारी गर्दै सभा सम्मेलनमा रोक, मनोरञ्जन क्षेत्र बन्द, रात्रिकालीन व्यवसाय बन्द गर्ने लगायतका अन्य क्षेत्रमा कडाइ गर्ने निर्णय गरेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २ माघ

सरकारले कोरोना भाइरस संक्रमण राकथाम तथा नियन्त्रणसम्बन्धी आदेश २०७८ जारी गरेको छ । आइतबार नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले नयाँ भेरियन्ट ओमिक्रोनसहितको कोभिड १९ महामारीको तेस्रो लहर रोकथाम तथा नियन्त्रणसम्बन्धी आदेश २०७८ जारी गरिएको जानकारी दिए ।



सरकारले जारी गरेको ३६ बुँदे आदेशमा सभा सम्मेलनमा रोक, मनोरन्जन क्षेत्र बन्द, रात्रिकालीन व्यवसाय बन्द गर्ने लगायतका विषयहरु समेटिएका छन् । आदेशमा कोरोना संक्रमणको जोखिम बढेको भन्दै माघ १५ गतेसम्मलाई मनोरन्जन क्षेत्र बन्द गर्ने निर्णय गरिएको उल्लेख छ । चलचित्र हल, रात्रिकालीन सबै प्रकारका व्यवसाय र जिम हलहरू बन्द गर्ने निर्णय गरिएको छ ।

आदेशमा सबै प्रकारका आमसभा, जुलुस, सभा, भेला वा धेरै मानिस भेला हुने क्रियाकलाप २०७८ माघ मसान्तसम्म सञ्चालन नगर्ने, गोष्ठी, सेमिनार, समीक्षा बैठक जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने। भौतिक रुपमा उपस्थित भई गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएका बढीमा २५ जना मात्र सहभागी रहने गरी सञ्चालन गर्ने, साथै त्यस्ता क्रियाकलाप सञ्चालन गर्दा २०७८ माघ ७ गते पश्चात् त्यस्तो कार्यक्रममा खोप पूरा मात्रा लगाएका व्यक्तिहरु मात्र उपस्थित हुने गरी गर्ने व्यवस्था मिलाउन भनिएको छ ।

सिनेमा हल, डान्सबार, दोहोरी नाचघर, क्लब, हेल्थक्लब, जिमखाना, स्विमिङ पुल, फुटसल, पटके हाटबजार र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम २०७८ माघ १५ सम्म सञ्चालन नगर्न आदेश दिइएको छ । मठ मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलहरूमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी २०७८ माघ मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने आदेशमा उल्लेख गरिएको छ ।

सपिङ मल, डिपार्टमेन्ट स्टोर, सुपर मार्केट वा अन्य प्रकारका पसल एक पटकमा २५ जनाभन्दा बढी हुन नहुने, कुनै पनि सामान अनावश्यक रुपमा छुन नहुने। दुई व्यक्तिको बीचमा कम्तिमा दुई मिटरको दूरी कायम गर्ने। मास्क अनिवार्य गर्ने, पटकपटक साबुन पानीले हात धुने र स्यानिटाइज गर्ने गरी सञ्चालन गर्ने, जनस्वास्थ्यसँग सम्बन्धित मापदण्ड पालना गर्ने गराउने दायित्व सबन्धित व्यवस्थापक वा सञ्चालकहरुको हुने आदेश दिइएको छ ।

पार्टी प्यालेसमा एकपटकमा कुल क्षमताको बढीमा एक तिहाई नबढ्ने गरी बढीमा ५० जना मात्र उपस्थित रहने तथा जनस्वास्थ्यको मापदण्ड पालना गर्ने गरी सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट पूर्व स्वीकृत लिई विवाह, ब्रतबन्ध, न्वारन तथा पास्नी जस्ता धार्मिक, सांस्कृतिक, सामाजिक वा अन्य कार्यक्रम सञ्चालन गर्न पाइने आदेशमा उल्लेख छ ।

त्यस्तै रंगशालमा दर्शकसहितको खेलकुद कार्यक्रम गर्दा एकपटकमा कुल क्षमताको एकतिहाइ मात्र उपस्थित रहने गरी जनस्वास्थ्यको मापदण्ड पालना गर्ने गरी सञ्चालन गर्ने, उपस्थित दर्शकहरुमध्ये आयोजनाको खर्चमा एक तिहाइ दर्शकलाई र्‍यान्डम छनोटको आधारमा एन्टिजेन परीक्षण गर्ने व्यवस्था मिलाउने, २०७८ माघ ७ गते पश्चात त्यस्तो खेलकुद कार्यक्रम खोपको मात्र पूरा गरेका व्यक्तिहरुलाई मात्र खोपकार्डका आधारमा रंगशालामा प्रवेश गर्न दिने आदेशमा उल्लेख छ ।

**बढ्दै संक्रमणदर**

देशभर पछिल्लो २४ घण्टामा थप चार हजार ९६१ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । यो सङ्ख्या शनिबार देखिएको नयाँ संक्रमितभन्दा ३२५ ले बढी हो । शनिबार देशभरमा चार हजार ६३६ नयाँ संक्रमित पुष्टि भएको थियो ।

– बाँकी पृष्ठ २ मा

# व्यवसायी संघमा मञ्चको तालाबन्दी

- मञ्चको तालाबन्दीलाई एसोसिएसनका गुरुङको पनि साथ
- विघटित निर्वाचन समिति ब्युँताएर चुनाव गराउन माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ माघ

सहमतिको आधारमा नेतृत्व चयन गर्ने प्रक्रियाले निरन्तरता पाउनुपर्ने माग राख्दै प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको अगुवाइमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघको कार्यालयमा तालाबन्दी गरिएको छ ।

सहमति अनुसार निर्वाचन गराएर नयाँ कार्यसमितिलाई नेतृत्व सुम्पनु पर्ने अवस्थामा निर्वाचन समिति नै भंग गराएर वर्तमान कार्यसमितिलाई नै निरन्तरता दिन



चाहेको भन्दै मञ्चका कार्यवाहक अध्यक्ष राजेन्द्र भण्डारीले यसअघिको निर्वाचन समितिले नयाँ नेतृत्वका लागि शुरू गरेका प्रक्रियाले निरन्तरता पाउने अवस्था नबनेसम्म संघमा गरिएको तालाबन्दी कायमै रहने बताए ।

संघको निर्वाचन समितिमा प्रथम उपाध्यक्षमा मञ्चका हरि बहादुर पाण्डे क्षेत्री, द्वितीय उपाध्यक्षमा वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका परमेश्वर अधिकारी, महासचिवमा एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका मधुकर रिजाल, कोषाध्यक्षमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका नरेन्द्र प्रसाद ढकाल निर्विरोध निर्वाचित हुने अवस्था बनेको थियो ।

कार्यवाहक भण्डारी र संघका पूर्व प्रथम उपाध्यक्ष क्षेत्रीको नेतृत्वमा तालाबन्दी गर्न गएको टोलीमा संघको स्थगित निर्वाचनमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनबाट अध्यक्षका उम्मेद्वार भुवनसिह गुरूङ, मञ्चका महासचिव डिक बहादुर क्षेत्री (कुमार), व्यवसायीहरू चन्द्र राई, दिपक थापा, श्याम खरेललगायतको सहभागिता रहेको

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

# बेलायतले नेपालबाट स्वास्थ्य कामदार लिन समझदारी हुँदै

**काठमाडौं/रासस–** रोजगारीका लागि स्वास्थ्य जनशक्ति लैजाने विषयमा नेपाल र बेलायतबीच श्रम सझदारी हुने भएको छ । शुक्रबार दुवै देशका अधिकारीबीच भएको पहिलो चरणको वार्तामा समझदारीको मस्यौदा एक साताभित्र तयार गर्ने सहमति भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ ।

नयाँनयाँ रोजगार गन्तव्यको खोजीमा जुटेको सरकारले रोजगारी, पारिश्रमिक तथा सेवासुविधाका आधारमा नेपालले बेलायतसँग श्रम सम्बन्ध कायम गर्न आग्रह गरेको थियो । बेलायती अधिकारीसँगको द्विपक्षीय भेटवार्तामा नेपालले रोजगारीको अवसर उपलब्ध गराउन प्रस्ताव गरेको थियो ।

दुई पक्षबीच भएको औपचारिक छलफलमा श्रम समझदारी गरी रोजगारीका लागि नेपाली स्वास्थ्य जनशक्ति (नर्स) पठाउने समझदारी

– बाँकी पृष्ठ २ मा


## साउदीमा वैदेशिक रोजगारको अवसर

sasco

कम्पनी : Saudi Automotive Services Company
शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०७८/०९/३०
चलानी नं.: ६०१७२७६७
L.T. No.: 256257

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 100 | 0 | स. काममा दक्ष | 1000 | ३१,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ माघ ९ गते (23 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

यसै कम्पनीको लागि Cashier, Store Keeper & Saudi Return Driver को पनि माग भई आएकाले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Fast Employment Service (P.) Ltd.**
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal, Tel: 5180421, 5180431,
Fax: 5180431, Email: fastemployment1399@gmail.com
Contact Number: 9851024432, 9867013727, 9860868244
Gov. Lic No. 1399/074/075

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: RAGD HOTEL APARTMENTS COMPANY, Kuwait
पूर्व स्वीकृत मिति: २०७८/०९/३०
चलानी नं.: ६०१७२८०९
LT. No.: 256209

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A/c Technician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५८,७९५ | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | छ | २ वर्ष |
| 2. | Assistant Cooker | 2 | 0 | | 125 | ४८,९९६ | | | | | | | |
| 3. | Barber | 4 | 0 | | 120 | ४७,०३६ | | | | | | | |
| 4. | Barista | 4 | 0 | | 125 | ४८,९९६ | | | | | | | |
| 5. | Bellman | 4 | 0 | | 90 | ३५,२७७ | | | | | | | |
| 6. | Cashier | 0 | 4 | | 135 | ५२,९१५ | | | | | | | |
| 7. | Ceramic Worker | 2 | 0 | | 130 | ५०,९५६ | | | | | | | |
| 8. | Chef | 2 | 0 | | 180 | ७०,५५४ | | | | | | | |
| 9. | Cleaner | 15 | 0 | | 90 | ३५,२७७ | | | | | | | |
| 10. | Cooker | 2 | 0 | | 155 | ६०,७५५ | | | | | | | |
| 11. | Decorative Worker | 2 | 0 | | 130 | ५०,९५६ | | | | | | | |
| 12. | Driver | 4 | 0 | | 135 | ५२,९१५ | | | | | | | |
| 13. | Electrician | 2 | 0 | | 130 | ५०,९५६ | | | | | | | |
| 14. | Garden Coordinator | 2 | 0 | | 105 | ४१,१५६ | | | | | | | |
| 15. | Glass Cleaner | 2 | 0 | | 130 | ५०,९५६ | | | | | | | |
| 16. | Hair Dresser | 1 | 0 | | 150 | ५८,७९५ | | | | | | | |
| 17. | Hair Dresser Assistant | 2 | 0 | | 115 | ४५,०७६ | | | | | | | |
| 18. | Home Cooker | 0 | 2 | | 130 | ५०,९५६ | | | | | | | |
| 19. | Laundry Man | 2 | 0 | | 120 | ४७,०३६ | | | | | | | |
| 20. | Maidservant | 0 | 2 | | 110 | ४३,११६ | | | | | | | |
| 21. | Massager/masseuse | 4 | 0 | | 130 | ५०,९५६ | | | | | | | |
| 22. | Painter | 2 | 0 | | 130 | ५०,९५६ | | | | | | | |
| 23. | Plumber | 2 | 0 | | 130 | ५०,९५६ | | | | | | | |
| 24. | Receptionist | 0 | 6 | | 150 | ५८,७९५ | | | | | | | |
| 25. | Reservation Executiv | 2 | 0 | | 160 | ६२,७१५ | | | | | | | |
| 26. | Room Attendant | 6 | 0 | | 110 | ४३,११६ | | | | | | | |
| 27. | Security Guard | 4 | 2 | | 125 | ४८,९९६ | | | | | | | |
| 28. | Steward | 4 | 0 | | 110 | ४३,११६ | | | | | | | |
| 29. | Waiter/waitress | 4 | 4 | | 115 | ४५,०७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ १० गते (24 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SHARON MANPOWER SERVICES PVT. LTD.**
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957
Govt Lic. NO. 647/063/064

# अस्पतालको लापरवाहीले मृत्यु भएको भन्दै प्रशासनमा उजुरी

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, २ माघ

अस्पतालका लापरवाहीले तीन महिने शिशुको मृत्यु भएको भन्दै जिल्ला प्रशासन कार्यालय सिरहामा उजुरी परेको छ।

अस्पतालको कारबाही र क्षतिपूर्तिको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा उजुरी परेको हो। सिरहाको औरही गाउँपालिका-४ ईंटाटारका २७ वर्षीय बब्लु यादवले बुधबार मध्यरातमा जिल्ला अस्पताल सिरहामा भर्ना गरिएकी तीनमहिने छोरीको उपचारमा हेलचक्र्याइँ गरी ओभरडोज औषधि दिँदा मृत्यु भएको भन्दै शुक्रबार प्रशासनमा उजुरी दिएका हुन्। यादवले दिएको उजुरीमा आफ्नी छोरीको मृत्यु हुनुमा अस्पतालका चिकित्सकको लापरबाही रहेको




उल्लेख छ। यादवले उजुरीमा विशेषज्ञसहितको छानबिन समिति गठन गरी दोषीलाई हदैसम्मको कारबाही र क्षतिपूर्तिको माग गरेका छन्।

मध्यान्हसँग कुरा गर्दै उनले भने, 'छोरीको अवस्था बिग्रिँदै गएपछि पटक-पटक चिकित्सकलाई बोलाइ दिन आग्रह गरे। तर स्वास्थ्यकर्मीहरूले सुनेनन्। भोलिपल्ट बिहान १० बजेसम्म पनि चिकित्सक नआउँदा छोरीको मृत्यु भयो।' यता सिरहा जिल्ला अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. नागेन्द्रप्रसाद यादवले स्वास्थ्य सुधार हुँदै गएकी नाबालिकालाई दूध नखुवाउन सल्लाह दिइएको भएपनि नमान्दा दुःखद घटना भएको बताए। अन्यत्र उपचार गर्दा पनि झाडापखाला र ज्वरो निको नहुँदा सिकिस्त बनेपछि मात्र अस्पताल ल्याइएकी नबालिकाको चिकित्सकले उपचार गर्दा बिहीबार बिहानसम्म अवस्था सुधार थियो।

झाडापखाला र ज्वरोले सिकिस्त बनेकाले बच्चालाई दूध नखुवाउन भनेका थिए तर बच्चा रोएको भन्दै आमाले दूध चुसाएपछि श्वास नलीमा दूध पस्दा निसासिएर बच्चाको दुःखद मृत्यु भएको डा. यादवको भनाइ छ। यसैबीच नाबालिकाको उपचारमा लापरवाही हुँदा मृत्यु भएपनि स्थानीय प्रशासनले चासो नदेखाएको आरोप लगाउँदै अनेरास्ववियु (क्रान्तिकारी) र बाइसिएल नेपाल सिराहाले शुक्रबार जिल्ला प्रशासन कार्यालयमार्फत गृहमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन्। ज्ञापनपत्रमा सात दिनभित्र छानबिन गरी दोषीलाई कारवाही नगरे चरणबद्ध आन्दोलनमा उत्रिने चेतावनी दिइएको छ।

**बल्ल...**

राखेको हो। तर यसअघि विवाद उत्कर्षमा पुगेका बेला नेपालले भारतलाई कूटनीतिक वार्ताको लागि लगातार रुपमा पहल गर्दा पनि वार्तामा आउन मानेको छैन।

शुक्रबार मात्रै सत्तारुढ दल नेपाली कांग्रेसले मोदीको अभिव्यक्तिप्रति ध्यानाकर्षण भएको भन्दै विज्ञप्ति नै जारी गरेको थियो। महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले सात बुँदे धारणा सार्वजनिक गर्दै एकपक्षीय रुपमा नेपाली भूमिमा सडक निर्माणलगायतका भारतीय पक्षको गतिविधि आपत्तिजनक रहेको बताएका थिए।

त्यस्तै प्रमुख प्रतिपक्षी नेकपा एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी, विवेकशील साझा पार्टीलगायतले पनि सीमा विवाद समाधान गर्न सरकारले कुटनीतिक पहल गर्नुपर्ने माग गरेका थिए। यस्तै एकीकृत समाजवादी पार्टीले पनि भारतीय प्रधानमन्त्री मोदीको अभिव्यक्तिप्रति ध्यानाकर्षण भएको जनाउँदै सीमा विवाद अन्त्यका लागि पहल गर्नुपर्ने धारणा सार्वजनिक गरेको थियो।

**कोरोना....**

उपत्यकाका तीन जिल्लामा आइतबार तीन हजार ३४७ नयाँ संक्रमित थपिएका छन्। काठमाडौँमा दुई हजार ५४५, ललितपुर ४७४ र भक्तपुरमा ३२८ सक्रिय संक्रमित रहेको मन्त्रालयले जनाएको छ। नयाँ संक्रमितमध्ये चार हजार ५३४ को पिसीआर र ४२७ को एन्टिजेन विधिबाट परीक्षण गरिएको थियो।

पछिल्लो २४ घण्टामा १५ हजार १३१ जनाको नमूना परीक्षण गरिएको थियो। १२ हजार ५६२ जनाले पिसीआर र दुई हजार ५६९ जनाले एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। यो अवधिमा जम्मा परीक्षणमध्ये औषत संक्रमणदर ३६ दशमलव एक प्रतिशत छ। यही अवधिमा ४३५ जना कोरोना भाइरस संक्रमणमुक्त भएका छन्।

कोभिडविरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा ५४ हजार ३१२ रहेको छ। हाल सक्रिय संक्रमितको सङ्ख्या २५ हजार ६८० रहेको छ। पछिल्लो २४ घण्टामा कोरोनाबाट तीन जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ। हाल भेन्टिलेटरमा रहनेको सङ्ख्या जम्मा २९ र आइसीयूमा १२२ जना रहेका छन्। होम आइसोलेशनमा २४ हजार ५८४, संस्थागत आइसोलेशनमा एक हजार ९६ र संस्थागत क्वारेन्टिनमा १२१ रहेका छन्।

**व्यवसायी...**

थियो। तालाबन्दीको समयमा संघका कार्यवाहक अध्यक्ष कमल तामाङ कार्यालय बाहिर थिए। तालाबन्दी गर्नुअघि मञ्चले संघका महासचिव सुजित कुमार श्रेष्ठलाई ज्ञापनपत्र बुझाएको थियो। ज्ञापनपत्रमा मञ्चले संघका तत्कालीन अध्यक्ष विष्णुप्रसाद गैरेको निधन भएको २१ दिनभित्र साधारणसभा गरी नयाँ नेतृत्व चयन गर्नुपर्नेमा त्यसो नगरिएको र यस पटक व्यवसायीको भावना अनुसार सहमतिमा जाने निर्णय गरी सहमतिमा उम्मेद्वारको मनोनयन दर्ता भई केही पदमा निर्विरोध भएको अवस्थामा कोभि १९ संकट व्यवस्थापन समन्वय समिति (सीसिएमसी)को निर्णय देखाउँदै निर्वाचन सिमित भंग गर्नु बदनियत भएको उल्लेख छ। महासचिव श्रेष्ठले संघ कार्यालयमा गरिने तालाबन्दीले संघको वर्तमान नेतृत्व र असहमत पक्षबीच मनमुटाव र अनावश्यक दुरी बढाउने र त्यसले समस्याको समाधान नगर्ने भन्दै सहमतिको लागि यसअघि गठित पूर्वअध्यक्षहरू समेत रहेको कार्यदलको बैठक बोलाउन सुझाव दिए।

तर क्षेत्रीले निर्वाचन समिति भंग गरेर संघको वर्तमान नेतृतवले अवैधानिकरूपमा पद लम्ब्याउन चाहेको भन्दै त्यसलाई रोक्न मञ्चले तालाबन्दी गर्ने निर्णय लिएको बताए। संघको कार्यालय रहेका दुबै फ्ल्याटमा तालाबन्दी गरिएको पनि उनले जानकारी दिए।

अध्यक्षका उम्मेद्वार भुवनसिंह गुरूङले निर्वाचनको प्रक्रिया अघि बढेको अवस्थामा निर्वाचन समिति भंग गर्ने अधिकार कार्यसमितिलाई नभएको भन्दै बदनियत राखी गलत तरिकाले निर्वाचन समिति विघटनको निर्णय गरिएको र त्यसलाई तत्काल सच्याउनुको विकल्प नरहेको बताए।

अध्यक्षका उम्मेदवार गुरूङलाई महासचिव श्रेष्ठले 'तपाईं लोकतान्त्रिक पक्षको व्यवसायी हो' भन्दै अरूको मामिलामा धेरै नबोल्न आग्रह गरेका थिए। तर गुरूङले व्यवसायीको हित तथा विधिपद्धतिको विषयमा राजनीतिक आस्थाका आधारमा व्यवहार गर्न नहुने भन्दै संघ नेतृत्वले निर्वाचन समिति विघटन गरेर गरेको गल्ती सच्चाउनु पर्ने माग दोहऱ्याएर राखे। तालाबन्दीपछि मध्यान्हसँग कुरा गर्दै संघका कार्यवाहक अध्यक्ष तामाङले छलफलका माध्यमबाट एक-दुई दिनमा समस्याको समाधान खोज्ने भन्दै तालाबन्दीलाई सामान्य घटनाको रूपमा लिएको बताए। उनले भने, 'यो सामान्य विषय हो, बढाई चढाईको आवश्यकता छैन।'

एसोसिएसन अध्यक्ष ढकालले प्रजातान्त्रिक प्रणालीमा मर्कामा परेको ठान्ने पक्षले कानूनी उपचारको बाटो अवलम्बन गर्नुपर्नेमा तालाबन्दी गरेर संस्थालाई नै बन्दी बनाउने काम आपत्तिजनक रहेको आफ्नो संस्थाको धारणा रहेको बताए। तालाबन्दीले समस्याको समाधान नगर्ने भन्दै अध्यक्ष ढकालले तालाबन्दी सम्बन्धमा एसोसिएसन कार्यसमितिको बैठक बसेर थप निर्णय गरिने जानकारी दिए।

**बेलायतले ...**

भएको छ। बेलायतको 'डिपार्टमेन्ट अफ हेल्थ सर्भिस' र 'नेसनल हेल्थ सर्भिस'का प्रतिनिधि र नेपाल सरकारका प्रतिनिधिबीचको वार्तामा नेपालबाट श्रमिक पठाउने र बेलायतले उनीहरुलाई रोजगारीका अवसर प्रदान गर्ने सहमति भएको थियो।
बैठकमा नेपालका तर्फबाट श्रम मन्त्रालयअन्तर्गतको रोजगार व्यवस्थापन महाशाखा प्रमुख राजीव पोखरेल, उपसचिव थानेश्वर भुसाल, वैदेशिक रोजगार विभाग, परराष्ट्र र कानुन मन्त्रालय तथा चिकित्सा शिक्षा आयोगका प्रतिनिधिको सहभागिता रहेको थियो। बेलायतका तर्फबाट डिपार्टमेन्ट अफ हेल्थ र नेसनल हेल्थका साथै काठमाडौँस्थित बेलायती दूतावासका प्रतिनिधिको सहभागिता थियो।

बैठकमा बेलायतबाट उनीहरु 'भर्चुअल' रुपमा सहभागी भएका थिए। नेपालका नर्सिङ कलेजको क्षमता बढाउन बेलायत सरकारले सहयोग गर्ने र छात्रवृत्ति दिएर नेपालमा नर्स उत्पादनमा सहयोग गर्ने प्रतिबद्धता पनि बेलायती पक्षबाट आएको मन्त्रालयले जनाएको छ। नेपालले रोजगार सम्झौताको अवधि पाँच वर्षको हुने प्रस्ताव गरेको छ। रोजगारीका लागि बेलायत जाने नर्सले कुनै पनि शुल्क बुझाउनु नपर्ने बताइएको छ।

छनोट भएका नर्सले बेलायत गएपछि बेलायतको स्वास्थ्य काउन्सिलले लिने परीक्षा उत्तीर्ण भने गर्नुपर्नेछ। यद्यपि, उक्त अवधिमा पनि सहायक नर्सका रुपमा रोजगारी भने सुनिश्चित हुनेछ। नेपाली श्रमिक लैजाने मोडालिटीका बारेमा टुङ्गो भने लागेको छैन। नेपालमा विभिन्न तहका नर्सिङ जनशक्ति रहेका छन्।

बेलायतले नेसनल हेल्थ सर्भिसेसअन्तर्गत नेपाली नर्सिङ जनशक्तिलाई रोजगारीको अवसर दिने बताइएको छ।

छनोट भएका नर्सले बेलायत गएपछि बेलायतको स्वास्थ्य काउन्सिलले लिने परीक्षा उत्तीर्ण भने गर्नुपर्नेछ। यद्यपि, उक्त अवधिमा पनि सहायक नर्सका रुपमा रोजगारी भने सुनिश्चित हुनेछ।

नेपाली श्रमिक लैजाने मोडालिटीका बारेमा टुङ्गो भने लागेको छैन। नेपालमा विभिन्न तहका नर्सिङ जनशक्ति रहेका छन्। बेलायतले नेसनल हेल्थ सर्भिसेसअन्तर्गत नेपाली नर्सिङ जनशक्तिलाई रोजगारीको अवसर दिने बताइएको छ।

बेलायतले दक्षिण एसियाली क्षेत्रबाट स्वास्थ्य क्षेत्रमा एक लाख श्रमिक भित्र्याउने घोषणा गरेको छ। नेपालबाट करिब १० हजार नर्सिङ जनशक्ति लैजाने बेलायतको तयारी छ। नेपाल नर्सिङ संघका अनुसार हालसम्म नेपालमा ६६ हजार नर्स उत्पादन भएका छन्। तीमध्ये २५ हजार विदेशमा छन्। नौ हजार नर्स सरकारी सेवामा रहेको संघको तथ्यांक छ। केही निजी अस्पतालमा कार्यरत छन्।

वैदेशिक रोजगारीलाई विविधीकरण गर्ने लक्ष्य लिएको सरकारले आकर्षक गन्तव्यको खोजी गरिरहेको छ। यसअघि जापान, इजरायल, मरिससलगायत मुलुकसँग नेपालले विशिष्टीकृत क्षमताका श्रमिक पठाउने समझदारी गरिसकेको छ। छिट्टै नेपाली श्रमिक इजरायलको स्वास्थ्य क्षेत्रमा काम गर्न त्यसतर्फ जाँदैछन्।


## नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/१०/०३

यस प्रा.लि.को मिति २०७८।०९।२७ को विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **लिटल डायमण्ड इङ्लिस स्कुल प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदी परिवर्तित नामको **युरो वर्ल्ड स्कुल काठमाडौं प्रा.लि.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम पारिवर्तन गरिएकोले सम्बन्धित सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनिको पूर्व नामः** **लिटल डायमण्ड इङ्लिस स्कुल प्रा.लि.**
**परिवर्तित नामः** **युरो वर्ल्ड स्कुल काठमाडौं प्रा.लि.**
**ठेगानाः** **नागार्जुन न.पा वडा नं. १, रानीबन।**

**श्री मालपोत कार्यालय चितवन, भरतपुरबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**प्रकाशित मितिः २०७८/१०/०३**

जिल्ला सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी न.पा-१ बस्ने कान्छि लमिनीका नाममा तपशील बमोजिमको जग्गा दर्ता रही निज आफ्नो कालगतिबाट मिति २०७७/०८/०२ मा मृत्यु भएकोमा माइली बम्जन र पेन्टी डोल्मो लामाको नाममा नामसारी गरी पाउँ भनी सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी न.पा.-१ बस्ने माइली बम्जनसमेतको यस कार्यालयमा निवेदन परी मिति २०७८/९/२८ को आदेशअनुसार यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।
यसमा निवेदकको माग बमोजिम नामसारी गरिदिनु नपर्ने कुनै कारण भए वा निजभन्दा अन्य कोही नजिकको हकवाला भए स-प्रमाण म्यादभित्र उपस्थित भई दावी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भई जानेछ। पछि कसैको उजुरबाजुर लाग्ने छैन।

**तपशील**

| गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| भरतपुर | १ (ख) | ३३९१ | ०-०-१३ ३।४ | |

**नोट** : यसमा ज.ध. कान्छि लमिनीको मिति २०७७/०८/०२ मा मृत्यु भएको निजको पति टिके बम्जनको पनि मिति २०६८/०२/२४ मा मृत्यु भएको निज टिके बम्जनको तीन श्रीमती जेठी कान्छि लमिनी, माइली माइली बम्जन र कान्छि पेन्टी डोल्मो लामा भएकोमा जेठी, कान्छि लमिनीतर्फ जायजन्म नभएकोले बाँकी २ जना सौताहरु माइली बम्जन र पेन्टी डोल्मो लामाका नाममा उल्लेखित जग्गा नामसारी माग भएको सन्दर्भमा अन्य हकवाला कहीकतै छन् छैनन् सम्बन्धी ३५ दिने हकदावीको सार्वजनिक सूचना प्रकाशित गरिएको छ। कोही हकवाला भए स-प्रमाण म्यादभित्र उपस्थित हुन नआए कानून बमोजिम भइजानेछ।
**इति सम्बत् २०७८ साल ९ महिना २८ गते रोज ४ मा शुभम्** ........

**सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७८/१०/३**

यस सा.व.स. बाट संकलित साल चिरान काठ ३६४.०८ क्युफिट विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ।

**जनकल्याण सामुदायिक वन उपभोक्ता समूह, घिरिङ २, तनहुँ**

**गुराँस गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रानिमत्ता, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

**भुल सुधार**

**प्रकाशित मितिः २०७८/१०/०३**

प्रस्तुत विषयमा यस कार्यालय बाट मिति २०७८/०९/२२ गते मध्यान्ह रास्ट्रिय दैनिकमा प्रकाशित शिलबन्धि दरभाउ पत्र (Invitation for sealed quotation for procurement of Fabricated Steel Parts for Trail Bridges) सम्बन्धि बिज्ञापनमा Estimated Amount including VAT हुनु पर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

**प्रमुख प्रशासकीय अधिकृत**

## डिभिजन वन कार्यालय खोटाङ गोलिया काठ गोप्य सिलबन्दी बोलपत्रद्धारा लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७८/१०/०३**

प्रस्तुत विषयमा तपशिल बमोजिमको लट, किसिम, जात, थान र परिमाण अनुसारका वन पैदावर जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्री गर्नुपर्ने भएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। इच्छुक काष्ठ व्यवसायी, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० वजे भित्र आवश्यक कागजात सहित सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। विस्तृत जानकारीको लागि यस कार्यालयको सूचना पाटीमा हेर्नुहुन वा कार्यालयको टेलिफोन नं. ०३६-४२०१३४ मा सम्पर्क गर्नहुन अनुरोध छ।

**तपशिल**

| क्र.स. | लट नं. | वन पैदावरको किसिम | जात | थान | परिमाणा | इकाई | न्युनतम् मूल्यांकन रु. | घाटगद्दी स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३ | बेवारिसे अवस्थामा फेला परेको गोलिया काठ | उतिस | ११३६ | ११२१.९४ | घन फिट | १,१२,१९४/- | खोटाङ जिल्ला, हलेशी तुवाचुङ नगर पालिका वडा नं. ७ स्थीत ऐसेलुखर्क। | |

**नेपाल सरकार**
**खानेपानी मन्त्रालय**
**खानेपानी तथा ढल व्यवस्थापन विभाग**
**संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना**
**ईलाम।**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः- २०७८/१०/०३ गते

उपरोक्त विषयमा यस आयोजनाबाट मिति २०७८/०८/२४ गते श्री हिमालयन टाईम्स पत्रिकामा प्रकाशित बोलपत्रको सूचना अनुसार रितपूर्वक दर्ता भई बोलपत्र प्रस्तावहरुको मूल्यांकन हुँदा, तपसीलका बोलपत्र न्यूनतम मूल्याँकित सारभूत रुपमा प्रभावग्राही भएकोले स्वीकृतको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं | कामको विवरण | सफल बोलपत्रदाताको नाम र ठेगाना | कवोल गरेको अंक |
|---|---|---|---|
| 03-078/79/ WORKS/FWSSMP/ ILAM | Installation of Solar Pumping System in Antudanda Water Supply Project located at Shreeantu Danda, Suryodaya Municipality-04, Ilam. | Systems & Energies (P) Limited Pokhara-04, Kaski Contact No:- 061-541647 | 1,208,900.00 Excluding VAT and PS |

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक बिभाग**
**संघीय सडक सुपरिबेक्षण तथा अनुगमन कार्यालय, इटहरी**
**सडक डिभिजन दमक**
**झापा**

**बोलपत्र स्विकृत गर्ने आशयको सुचना**

**प्रकाशित मितिः २०७८/१०/०३**

यस कार्यालयबाट सुचना न. ०५-०७८/७९ मिति २०७८/०८/१२ गतेको आर्थिक अभियान दैनिक मा प्रकाशित सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रहरु न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित बोलपत्रदाताको जानकारीको लागि प्रकाशित गरिएको छ।

**तपशिल :**

| S. N. | Notice No. | Contract No. | Description of Works | Name of Successful Bidder | Bid Amount, NRs (Including PS and VAT), NRs. |
|---|---|---|---|---|---|
| 1 | 05-078/79 | RD-DMK/33701169-4/2078/79-014 | Construction of Blacktopped Works on Arjundhara 1 Madanpur Dekhi Sadhutar Hudai Illam Tinghare Road, Jhapa | **M/S P.K. Nirman Sewa, Bhadrapur-6, Jhapa.** | **11,689,590.67** |

**डिभिजन प्रमुख**

## साउदीमा रोजगार

१. कम्पनीः ABHA CLOUDS FOR THE FUTURE TRADING EST — शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७८/०९/१९ — चलानी नं.: ६०१७२८२२ — L.T. No.: 255356

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 1 | 0 | स. काममा दक्ष | 1200 | ३७,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

२. कम्पनीः AL RABIEH RESTAURANT FOR TRADITIONAL FOOD — शहर : JEDDAH
पुर्व स्वीकृत मितिः २०७८/०९/३० — चलानी नं.: ६०१७२८१५ — L.T. No.: 256092

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३१,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

३. कम्पनीः FRESH FRUITY JUICES TO SERVE DRINKS — शहर : Al Mojaradah
पुर्व स्वीकृत मितिः २०७८/०९/२५ — चलानी नं.: ६०१७२८१८ — L.T. No.: 255777

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | fruit juice maker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

४. कम्पनीः FALAFEL MAHBOUK FAST FOOD RESTAURANTS — शहर : JEDDAH
पुर्व स्वीकृत मितिः २०७८/०९/२५ — चलानी नं.: ६०१७२८१९ — L.T. No.: 255775

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | fruit and vegetable preparer | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

५. कम्पनीः Khalid Ali Bin Mohammed Al Shehri Car Services Est — शहर : JEDDAH
पुर्व स्वीकृत मितिः २०७८/०९/२५ — चलानी नं.: ६०१७२८१७ — L.T. No.: 255776

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

६. कम्पनीः LUQAIMAT JINAN CORNER EST TO SERVE MEALS — शहर : ABHA
पुर्व स्वीकृत मितिः २०७८/०९/२५ — चलानी नं.: ६०१७२८२० — L.T. No.: 255774

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

७. कम्पनीः MAJD AL SHUMOUKH GENERAL CONTRACTING EST — शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७८/०९/३० — चलानी नं.: ६०१७२८१२ — L.T. No.: 256175

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

८. कम्पनीः Rose Mira Residential Units Establishment — शहर : JEDDAH
पुर्व स्वीकृत मितिः २०७८/०९/३० — चलानी नं.: ६०१७२८१४ — L.T. No.: 256094

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborer | 3 | 0 | स. काममा दक्ष | 1300 | ४१,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

९. कम्पनीः Sale Of Agricultural Equipment Saad Salem Said Shaiban — शहर : Abha
पुर्व स्वीकृत मितिः २०७८/०९/२५ — चलानी नं.: ६०१७२८१६ — L.T. No.: 255778

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५६,७७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

१०. कम्पनीः SEVEN HOMES APARTMENTS — शहर : Abha
पुर्व स्वीकृत मितिः २०७८/०९/३० — चलानी नं.: ६०१७२८१३ — L.T. No.: 256093

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

११. कम्पनीः Shahi Jamar Zaman Store To Serve Drinks — शहर : Abha
पुर्व स्वीकृत मितिः २०७८/०९/२३ — चलानी नं.: ६०१७२८२१ — L.T. No.: 255779

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौँमा २०७८ माघ १० गते (24 January 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**अल-हरमैन एच.आर. प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोनः ०१-४४८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

# प्राधिकरणको महानिर्देशक नियुक्ति विवादमा !

**काठमाडौं/मस–** नेपाल नागरिक उड्डयन प्राधिकरणको निमित्त महानिर्देशक नियुक्ति विवादित बनेको छ ।

प्राधिकरणका निमित्त महानिर्देशक बनेका प्रेमनाथ ठाकुरको कनिष्ठताको विषयलाई लिएर विवाद सृजना भएको हो । प्राधिरणको निमित्त महानिर्देशकमा नियमको वेवास्ता गर्दै छैठौं बरियताका ठाकुरलाई जिम्मेवारी दिइएको भन्दै अन्य दाबेदारले असन्तुष्ट बनेका हुन् ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव महेश्वर न्यौपोनेको निर्देशनमा उनीभन्दा माथिका महानिर्देशकहरूको बरिष्ठतालाई वेवास्ता गरिएको एक दाबेदार बताउँछन् ।

ठाकुर भन्दा माथि भोला प्रसाद गुरागाईं, प्रताव बाबु तिवारी, हंशराज पाण्डे, देवचन्दलाल कर्ण र गोविन्दप्रसाद दाहाल छन् । यीमध्ये कार्यालयमा सबैभन्दा २०७७ मंसिर १७ गते तिवारी र गुरागाईं उमिहानिर्देशक पदमा नियुक्त भएका थिए । महानिर्देशक पदका दाबेदार मानिएका गुरागाईंको पनि अनिवार्य अवकाशको समय करिब ४० दिन रहेका बताइन्छ ।

तर, दुई जनाको बरिष्ठतालाई वेवास्ता गर्दै गत मंसिर १५ मा मात्रै उपमहानिर्देशकमा बढुवा भएका ठाकुरलाई महानिर्देशकमा बढुवा गरिनु निकै चलखेल गरी कार्यालयको गरिमामा आँच पुग्ने गरी मानहानी गरिएको प्राधिकरण उच्च स्रोत बताउँछ ।




संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले भने उक्त कार्य नियमसंगत नै भएको दाबी गरेको छ। मन्त्रालयका प्रवक्ता टेकनारायण पौडेलले भने, 'सबै महानिर्देशकका दाबेदार हुन् । यसमा कुनै निर्देशनले काम गरेको होइन । नियम संगत हिसाबले नै गरिएको हो ।'

मन्त्रालय सचिव न्यौपाने भने मन्त्रीस्तरको निर्णय भएकाले यसमा सचिवको कुनै हात नभएको बताउँछन् । उनी भन्छन्, 'प्रक्रियागत हिसाबले नाम आउँछन् । मन्त्रीको स्तरबाट निर्णय हुन्छ । मेरो केही हात छैन ।' तर, विभागीय सचिवको हिसाबले मन्त्रालय मातहतमा हुने नियुक्तिहरू सचिवको सहभागिता बिना भने हुँदैन । विभागीय मन्त्री प्रेम आलेले भने सो विषयमा मन्त्रालयका सचिव वा प्रवक्तालाई थाहा हुने बताए ।

हुन त प्राधिकरणको महानिर्देशक नियुक्त गर्ने प्रमुख काम प्राधिकरण सञ्चालक समितिको हुन्छ। सञ्चालक समितिको अध्यक्षमा विभागीय मन्त्री रहन्छ । समितिको सदस्यमा मन्त्रालयका सहसचिव, अर्थमन्त्रालयबाट एक जना र अन्य तीन जना निजी क्षेत्रबाट रहन्छन् । तर नियुक्तिका लागि सिफारिस भने सचिवले गर्ने गर्छन् । यसअघि गत कात्तिक १० गते राजकुमार क्षेत्रीलाई संचालक समितिले चार वर्षे कार्यकालका लागि महानिर्देशकमा नियुक्त गरेको थियो । तर क्षेत्रीको उमेर हदका कारण यहि पुस २५ गतेदेखि अनिवार्य अवकाश पाए । अवकासका लागि २३ गते मन्त्रालयबाट पत्र पाएका क्षेत्रीले आफूलाई चार वर्षे कार्यकाल काम गर्न पाउँ भन्दै २१ गते सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए । सो मुद्दाका आधारमा सर्वोच्चले अल्पकालीन आदेश दिँदै निजलाई मिति पुस मसान्तसम्मका लागि महानिर्देशकबाट नहटाउन भनेको थियो ।

# अफगानिस्तानलाई सहायता सामग्री

**काठमाडौं/मस–** नेपालले अफगानिस्तानका जनतालाई मानवीय सहायता सामग्री प्रदान गरेको छ ।

नेपाली जनताका तर्फबाट प्रदान गरिएका मानवीय राहत सामग्री परराष्ट्र मन्त्रालयका सहसचिव सेवा लम्सालले आइतबार अपराह्न काबुलस्थित हमिद कारजायी अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित एक संक्षिप्त समारोहमा अफगानिस्तानस्थित संयुक्त राष्ट्रसंघका महासचिवका उपविशेष प्रतिनिधि डा. रामिज अलकबरोभलाई हस्तान्तरण गरे ।

अफगानिस्तानको अहिलेको प्रतिकूल मौसम तथा विषम राजनीतिक परिस्थितिलाई दृष्टिगत गरी त्यहाँका नागरिकलाई अन्तर्राष्ट्रिय समुदायबाट मानवीय सहायता जुटाउन भारतसहितका देशले सहयोग गरेसँगै परराष्ट्रमन्त्री डा.नारायण खड्काको अगुवाइमा नेपालबाट औषधि, लत्ताकपडा र घरायसी सामान संकलन गरेर आइतबार काबुल पठाइएको हो ।

नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्श, नेपाल उद्योग परिसंघ, अवैतनिक महावाणिज्य दूतावास नेपाल, अग्रवाल सेवा केन्द्र, हिमालय एयरलाइन्सलगायत निजी क्षेत्रका शीर्ष निकाय, संघसंस्था र व्यक्तिले सहायता सामग्री उपलब्ध गराएका परराष्ट्र मन्त्रालयले जनाएको छ ।

# न्यू देउराली युवा क्लबद्वारा मेलाको आयव्यय विवरण सार्वजनिक

**म्याग्दी/मस–** म्याग्दी जिल्लाको रघुगंगा गाउँपालिका वडा न २ भगवतीमा न्यू देउराली युवा क्लब साझापानीले आयोजना गरेको पुसे पन्ध्रम मेला २०७८, विविध खेलकुद तथा साँस्कृतिक कार्यक्रमको आयब्यय विवरण सार्वजनिक गरेको छ ।



विभिन्न कार्यक्रम गर्ने तर आयब्यय सार्वजनिक नगर्ने परम्परालाई क्लवले तोडेको छ । मेला महोत्सवमा व्यापक मुनाफा हुने र लुकाइने गरेका उदाहरणहरु व्याप्त भेटिरहने समाजमा क्लवको उक्त कदमले सामाजिक संजालमा समेत सकारात्मक हाइप पाएको छ । क्लवको अफिसियल न्यू देउराली यूथ क्लव फेसबुक पेजबाट सार्वजनिक गरिएको विवरण अनुसार ७ लाख ५० हजार १ सय २३ रुपैयाँ, कुल आम्दानी भएको र ५ लाख ८७ हजार ६ सय १ रुपैयाँ खर्चदै १ लाख ६२ हजार ५ सय २२ रुपैयाँ आम्दानी गरेको जनाएको छ।

सहयोगीहरुबाट अझै रकम आइनसकेको क्लवले जनाएको छ। मेला अवधि भर होटल तथा बिभिन्न मनोरन्जनका साना खेल संचालन गरिएको भाँडा लिन बाँकी रहेको र उक्त भाडा व्यापार अनुसार आपसी सहमतिमा लिइने क्लव अध्यक्ष अमृत भण्डारीले जानकारी दिए । विविध खेलकुद तथा साँस्कृतिक कार्यक्रम सहित सम्पन्न मेला गत पुस २० गतेबाट २६ गतेसम्म चलेको थियो ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : SAUDI SALWA CO.FACTORY FOR METAL FABRICATION VALVES AND FILTRATION**

पूर्व स्वीकृत मितिः २०७८/०९/२७ चलानी नं.: ६०१७२७९६ LT. No.:255956 शहर : JUBAIL

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ माघ १० गते (24 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Om International Human Resources Pvt. Ltd.**

Gov. Lic. No.:1437/074/075 | Address: Basundhara, Kathmandu, Nepal

Tel : 01-4363646, 4380145 | Mob: 9851003367, 9851099948, 9842634874, 9851182358, 9815872827.


## बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ
प्रदेश नं. १, नेपाल

### शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०७८/१०/०३**

यस नगरपालिकाको तपशिल बमोजिमका ठेक्का सम्बन्धी सूचनाको लागि तोकिएको म्यादभित्र रितपूर्वक पेश भएका शिलबन्दी दरभाउपत्रको मूल्याङ्कन गर्दा देहाय बमोजिमका शिलबन्दी दरभाउपत्रहरु न्यून मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थको लागी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको दर भाउपत्रदाताको नाम, ठेगाना | कबोल अंक (मू.अ.कर सहित) |
|---|---|---|---|---|
| १. | BM/MOR/G/ SQ-09-078-79 | Supply and delivery of chair and table. | आर.के ट्रेडर्स, सुन्दरहरैंचा, मोरङ | रु. १८,३५,१२०।०० अक्षेरुपी अठार लाख पैतीस हजार एकसय बीस रुपैया मात्र । |
| २. | BM/MOR/G/ SQ-10-078-79 | Supply and delivery of Chair,Tea Table and Sofa. | ए.बि.सप्लायर्स, ईटहरी, सुनसरी | रु. १८,६७,३२५।०० अक्षेरुपी अठार लाख सडसठ्ठी हजार तीनसय पचीस रुपैया मात्र । |

**प्रमुख प्रशासकीय अधिकृत**

## INVITATION FOR BIDS

## Marin Rural Municipality
## Office of the Rural Municipal Executive

Kapilakot, Sindhuli
Bagmati Province, Nepal

### Supply, Delivery, Installation, Commissioning and Testing of broadband services in designated locations of Marin Rural Municipality

**Contract Identification No: MRM/Sindhuli/Works/NCB/15/2078-079**
**First Date of Publication: 2078/10/03 (2022/01/17)**

1. The Government of Nepal (GoN) has allocated funds to Marin Rural Municipality for Supply, Delivery, Installation, Commissioning and Testing of broadband services and the Rural Municipality intends to apply the funds to cover eligible payments under the Contract. Bid is open to all eligible Nepalese Bidders.
2. The Marin Rural Municipality invites online bids from registered internet service provider to provide service for Supply, Delivery, Installation, Commissioning and Testing of broadband services in designated locations of Marin Rural Municipality. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. Eligible Bidders may obtain further information at the Office of the Marin Rural Municipality and inspect the bidding documents in www.bolpatra.gov.np.
4. Bidding documents may be downloaded from www.bolpatra.gov.np by eligible Bidders, on submission of a written application and upon payment of a non-refundable fee NRs. 3,000.00 in Marin Gaa.Pa Ga-1-1 Aantarik Rajaswo No. 1530100301010002 of Rastriya Banijya Bank Kapilakot, Branch - Sindhuli for bid documents.
5. Bids must be submitted online through www.bolpatra.gov.np, on or before 12:00 noon on 2078/11/04 (2022/02/16). Documents received after this deadline shall not be accepted.
6. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 noon on 2078/11/04 (2022/02/16). at the Office of the Marin Rural Municipality, Bids must be valid for a period of 90 days after last date of bid submission and must be accompanied by bid security, amounting mention in table below, which shall be valid for 30 days beyond the bid validity period.
7. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Marin Gaa. Pa Ga-3 Dharauti Account No. 1530100303000002 of Rastriya Banijya Bank Kapilakot, Branch-Sindhuli and submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. Pre-Bid Meeting shall be held at the Office of the Marin Rural Municipality on 14:00 noon, 2078/10/27 (2022/02/10).
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. The name and identification of the contract are as follows:

| Description of Work (Fabrication Package) | Estimated Amount, NRs. (Including VAT) | Bid Security Amount (NRs.) | Bid Document Fee NRs. | Remarks |
|---|---|---|---|---|
| Supply, Delivery, Installation, Commissioning and Testing of broadband services in designated locations of Marin Rural Municipality | 83,58,265.00 | 2,10,000.00 | 3,000.00 | |

**Chief Administrative Officer**

## Invitation for Sealed Quotation

## Chaukune Rural Municipality

Gutu, Surkhet

***Invitation for Sealed Quotation for the procurement of Fabrication of steel parts and transportation up to road heads of Betan steel truss bridge.***

**Sealed Quotation No:CRM/GOODS/SQ/04/078-079**

**Date of first Publication:2078/10/03**

1. The Chaukune Rural Municipality Gutu,Surkhet invites sealed quotations from registered Suppliers for the procurement of Fabrication of steel parts and transportation up to road heads of Betan steel truss bridge.
